नेपाल सरकार
# युवा तथा खेलकुद मन्त्रालय
(कानून तथा फैसला कार्यान्वयन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
चलानी नं :

मितिः २०८२/०४/१६
ने.सं.११४५

## विज्ञप्ति

नेपाल स्काउट सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाको लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/४/७ को निर्णयानुसार सिद्धान्त स्वीकृति भएको हुँदा विधायन ऐन, २०८१ को दफा ४ को उपदफा (४) बमोजिम नेपाल सरकारबाट स्वीकृत अवधारणापत्र सम्बन्धित मन्त्रालयले आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्ने कानूनी व्यवस्था भएको हुँदा नेपाल स्काउट सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको अवधारणापत्र यस मन्त्रालयको वेबसाइट (https://www.moys.gov.np) मार्फत सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि अनुरोध छ ।

(सुवास चन्द्र शिवाकोटी)
प्रवक्ता एवम् सहसचिव
युवा तथा खेलकुद मन्त्रालय

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४४ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ ( आ.प्र)
फ्याक्स नं. : ४२००५५२, इमेल: info@moys.gov.np, वेभसाइट: www.moys.gov.np

**नेपाल स्काउटसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्बन्धी अवधारणापत्र**

१. **नयाँ ऐन बनाउनुपर्ने आवश्यकता:**

नेपाल स्काउट ऐन, २०५० लागू भएको लामो समय भइसकेको छ। विगत दशकमा नेपालको राजनीतिक प्रणालीमा आमूल परिवर्तन आएको छ, जसअनुसार संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भई तीन तहको शासन प्रणाली (संघ, प्रदेश र स्थानीय तह) लागू भइसकेको छ।

स्काउट जस्तो राष्ट्रिय स्वयंसेवी संस्था संघीय संरचनाअनुसार पूनर्संरचना गरी देशभरका बालबालिका तथा युवाहरुलाई अनुशासित, जिम्मेवार, स्वावलम्बी, नेतृत्वदायी र सेवा–प्रवृत्त नागरिकमा रूपान्तरण गर्न आवश्यक छ। हालको ऐनले संघीय शासन प्रणाली, समावेशिता, जवाफदेहिता, व्यवसायिकता, सेवा प्रवर्द्धन र स्वंयम सेवासँग सम्बन्धित विषयहरूलाई पर्याप्त रूपमा समेट्न सक्दैन।

त्यसैले, संघीय लोकतान्त्रिक संविधानको भावना र समयसापेक्ष आवश्यकता अनुसार नेपाल स्काउटको संस्थागत विकास, पारदर्शिता, जवाफदेहिता तथा सेवा प्रवर्द्धन सुनिश्चित गर्न "नेपाल स्काउट ऐन, २०८२" नामक नयाँ विधेयक प्रस्ताव गरिएको हो।

विश्व स्काउटको सिद्धान्त र मूल्य–मान्यताको आधारका साथै नेपालको मौलिक परम्परा तथा प्रचलित कानूनसमेतलाई दृष्टिगत गर्दै नेपाल स्काउटले "नेपालका बालबालिका तथा युवावर्गलाई स्काउट सम्वन्धी अभियानमा सहभागी गराई तिनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकास लगायत मानवमूल्य र भातृत्व भावनाको समेत विकास गरी अनुशासित स्वावलम्बी र चरित्रवान तुल्याई सेवा भावनाको अभिवृद्धि गर्दै सम्मुनत समाजको निर्माणमा योगदान गर्दै देश निर्माणको कार्यमा सहभागी गराइ सुखी नेपाली समृद्ध नेपालको लागि नेपाल स्काउटलाई अझ बढी सक्षम र संगठित बनाउने" उद्देश्य पूर्ति गर्न नेपाल स्काउट ऐन, २०५० लाई विस्थापित गरी नेपाल स्काउटको सञ्चालन तथा व्यवस्थापनार्थ नयाँ नेपाल स्काउट ऐन तर्जुमा गर्न देहायको कारणले आवश्यक रहेका छन:-

**(क) संवैधानिक कारण:-**

**(१) नेपालको संविधान, २०७२ को प्रासंगिक व्यवस्था:**

(क) धारा १७ (१) : प्रत्येक नागरिकलाई स्वतन्त्रताका साथ संगठन गठन गर्ने अधिकार सुनिश्चित गरिएको छ।

(ख) धारा ३५ (५) : राज्यले बालबालिका, युवा तथा वृद्ध नागरिकको सुरक्षा र विकास सुनिश्चित गर्नुपर्ने व्यवस्था गरिएको छ।

(ग) धारा ५१ (घ) (११) : युवाहरुको व्यक्तित्व विकास, सिर्जनात्मकता, नेतृत्व क्षमता अभिवृद्धि र स्वाभिमान विकासका लागि कार्यक्रम सञ्चालन गर्ने राज्यको नीति।

(घ) धारा ५१ (घ) (१५) : सामाजिक संगठनको व्यवस्थापन र संस्थागत विकास राज्यको दायित्वको रूपमा लिइएको।

(ङ) नेपालको संविधान अनुसार देशले संघीयता शासन प्रणाली अवलम्वन गरेकोले संघीय संरचना अनुरुप नेपाल स्काउटलाई पनि संघीय ढाँचामा रुपान्तरण गर्नुपर्ने भएकोले,

(च) नेपालको संविधानको भाग ४, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को खण्ड (ग) को प्रकरण (१), (३), (५) र (६) मा भएको व्यवस्थालाई ऐनद्धारा निर्देशित गर्नुपर्ने भएकोले ।

**(२) संघीय शासन संरचनाअनुसार तीन तहको स्काउट संरचना निर्माण:**

यस विधेयकले संघ, प्रदेश तथा स्थानीय तहमा स्काउट संस्था स्थापना गरी समन्वयिक रूपमा कार्य सञ्चालन गर्ने प्रावधान ल्याएको छ।

**(३) अन्तराष्ट्रिय दायित्व, मान्यता र समन्वय:**

(क) नेपाल स्काउट विश्व स्काउट सङ्गठनको सदस्य संस्था हो। विधेयकमा विश्व स्काउट सङ्गठनका मान्यता, सिद्धान्त र आचारसंहिता अनुरूप कार्य गर्ने स्पष्ट व्यवस्था गरिएको छ।

(ख) नेपाल स्काउट स्वयम् सेवी संस्था भएकोले नेपालमा पनि नेपाल स्काउट ऐन, २०५० बाट नेपाल स्काउट सञ्चालनमा रहेको सम्बन्धमा अन्तर्राष्ट्रिय दायित्वलाई मनन गरी नयाँ ऐन द्वारा नै सम्बोधन गर्नु पर्ने भएकाले ।

(ख) **सर्वोच्च अदालतको फैसला :** सम्मानित सर्वोच्च अदालतबाट कानून निर्माण गर्ने सम्वन्धमा कुनै निर्देशनात्मक आदेश नभएको ।

(ग) **सरकारको नीति तथा कार्यक्रम :** नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममा अन्तर्राष्ट्रिय सम्बन्ध, मानवीय सेवा आदि विषयमा सम्बोधन गर्नुका साथै संवैधानिक व्यवस्थाअनुसार संघ, प्रदेश र स्थानीय तहमा केन्द्रीय संस्थाहरुको संरचना विस्तार गर्ने सम्बन्धमा उल्लेख भएको ।

(घ) **विधेयकका प्रमुख उद्देश्यहरू :**

(१) संघीय शासन प्रणाली अनुरूप स्काउट संरचना पुनः व्यवस्थित गर्ने।

(२) बालबालिका तथा युवालाई शारीरिक, मानसिक, सामाजिक र नैतिक रूपमा सक्षम बनाउने।

(३) विपद् व्यवस्थापन, सामुदायिक सेवा, वातावरण संरक्षण, लैङ्गिक समानता, सामाजिक न्याय जस्ता विषयमा स्वयंसेवी भावना प्रवर्द्धन गर्ने।

(४) स्काउटलाई स्वशासित, पारदर्शी, जवाफदेही र उत्तरदायी संस्थाका रूपमा विकास गर्ने।

(५) युवाहरुको सशक्तिकरण तथा नेतृत्व विकासमा योगदान पुर्‍याउने।

(ङ) **अन्य कुनै कारण :**

(१) नेपाल स्काउटलाई व्यवस्थित गर्नु आवश्यक रहेको ।

(२) नेपाल स्काउटको "नेपालका बालबालिका तथा युवा वर्गलाई विश्व स्काउटको सिद्धान्त र मान्यताअनुरूपको अभियानमा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित स्वावलम्बी र चरित्रवान तुल्याई सेवा भावनाको अधिवृद्धि गर्दै देश विकास कार्यमा सहभागी गराउन तथा नेपाल स्काउटलाई अझ बढी सक्षम र संगठित बनाउन वाञ्छनीय भएकोले" भन्ने उद्देश्य पूर्तिका लागि वि.सं. २०५० सालमा नेपाल स्काउट ऐन, जारी भएको ३१ वर्ष भैइसकेकोले समसामयिक बनाउन आवश्यक रहेको ।

(३) नेपाल स्काउटलाई विश्व स्तरमा पुर्याउन संगठानात्मक संरचना र व्यवसायिक सुशासन कायम गरी नेपालमा रहेका स्थानीय तहसम्म संस्थागत व्यवस्थालाई पुनः जीवन प्रदान गर्ने।

**२. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धीहरूः**

नेपाल स्काउटको नयाँ ऐन जारी भएपछि देहाएका उपलब्धिहरु हासिल गर्न अझ सहजता प्राप्त हुन्छः-

(क) नेपालको संविधानबमोजिम संघीय ढाँचामा नेपाल स्काउटको कार्य सञ्चालन तथआ व्यवस्थापन हुने।

(ख) नेपाल स्काउटको माध्यमबाट विद्यालय तह देखि नै बालबालिका तथा युवा शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक, सामाजिक, साँस्कृतिक र आध्यात्मिक विकासका साथै स्वयम् सेवाको भावना विकास हुने र सोअनुसारका कार्यसम्पादन हुने।

(ग) विपद् व्यवस्थापन तथा अन्य अवस्थामा समेत स्वयम् सेवाका लागि आवश्यक संस्थागत स्वयम् सेवी समूह तयार हुने।

**३. प्रस्तावित विषयमा कुनै मौजुदा कानून भए :**

(क) ऐनको नाम: नेपाल स्काउट ऐन, २०५०

(ख) नियमावलीको नाम: नेपाल स्काउट नियमावली, २०७७

(ग) गठन आदेशको नाम: छैन।

**४. मौजुदा कानून संशोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सोको कारण :**
मौजुदा नेपाल स्काउट ऐन, २०५० संघीयता अनुरुप नभएको ।

(क) संघ, प्रदेश र स्थानीय तहमा रहने स्काउटका संरचनाहरुको गठन, कार्य जिम्मेवारी लगायतका विषयहरू स्पष्टरूपमा समावेश नभएको।

(ख) नेपाल स्काउटको सम्पत्ति हस्तान्तरण तथा व्यवस्थापन तहगत रुपमा गर्नुपर्ने आवश्यक भएको।

(ग) तत् तत् तहको कार्य विभाजनहरु स्पष्ट नभएको।

(घ) लेखा प्रणाली र लेखापरीक्षण सम्बन्धी विषयलाई प्रचलित कानूनबमोजिम स्पष्ट व्यवस्था नभएको

(ङ) नेपाल स्काउटका पदाधिकारी, कर्मचारीको सम्बन्धमा स्पष्ट प्रावधान नभएको र अन्य विषयमा समेत सामान्य संशोधनले मात्र संबोधन गर्न नसकिने।

**५. प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको हो:** छैन।

**६. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी :** छैन।

**७. प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम :**

(क) मलेसियामा मलेसिया स्काउट ऐन १९६८ रहेको।

(ख) केन्यामा The Kenya Scouts Act (Cap 219) रहेको।

**८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः** भएको।
नयाँ विधेयकको आवश्यकता महसुस गरी मौजुदा कानूनलाई प्रतिस्थापन गर्न नेपाल स्काउटबाट पत्राचार भएको।

**९. प्रस्तावित कानून कार्यान्वयन गर्न थप आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार :**
नेपाल सरकारले कार्यालय सञ्चालन अनुदान मात्र दिने र अन्य आर्थिक दायित्व नेपाल स्काउटको आफ्नै स्रोतबाट व्यहोर्ने भएकोले थप आर्थिक व्ययभार नपर्ने।

**१०. प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :**
प्रस्तावित कानून कार्यान्वयनका लागि हाल भइरहेको नेपाल स्काउटको केन्द्रीय कार्यालय, क्षेत्रीय समिति, जिल्ला कार्यालय र स्थानीय परिषद् रहेकोले क्षेत्रलाई प्रादेशिक रूपमा विस्तार गरी दुई वटा ओटा प्रादेशिक रूपमा संगठित गर्नुका साथै जिल्लाका लागि दुई जिल्ला संगठन संरचनामा मात्र थप गर्नुपर्ने भएकोले अरु थप संरचना आवश्यक नपर्ने र नेपाल स्काउटका कार्यक्रमहरु स्थानीय तहमा विस्तार गरे मात्र हुने।

**११. प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनुपर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको।**

सिद्धान्त स्वीकृतिका लागि अवधारणापत्र उपर कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको राय लिइएको।

**१२. प्रस्तावित विधेयकमा समावेश गर्न खोजिएको प्रमुख विषय र प्रावधानहरू:**

(क) संघ, प्रदेश र स्थानीय तहमा छुट्टाछुट्टै स्काउट संरचना, सम्मेलन र परिषदहरूको व्यवस्था।

(ख) स्काउट एक स्वशासित र स्वयंसेवी संस्था हुनेछ भन्ने कानुनी मान्यता।
(ग) कुनै पनि राजनीतिक दलको सदस्य नभएका व्यक्तिहरू मात्र सदस्य बन्न सक्ने व्यवस्था।
(घ) लेखा परीक्षण, आय–व्ययको प्राविधिक प्रतिवेदन तथा सार्वजनिक प्रकाशनको व्यवस्था।
(ङ) नेपाल सरकार र मन्त्रालयद्वारा अनुगमन गर्ने अधिकारको व्यवस्था।
(च) संस्था सञ्चालनका लागि आवश्यक नियम, कार्यविधि, निर्देशिका बनाउने अधिकार।
(छ) नेपाल स्काउट ऐन, २०५० खारेज गरी नयाँ ऐनबाट प्रतिस्थापन।

(१) नेपाल स्काउटको साँगठनिक संरचना (संघ, प्रदेश र स्थानीय तहमा नेपाल स्काउटको गठन, परिषद्, कार्यकारी समितिलगायतका व्यवस्थाहरू,
(२) नेपाल स्काउटको संरचनागत काम, कर्तव्य र अधिकार (संघ, प्रदेश, स्थानीय तह र तहगत संरचनाअनुसार परिषद् र कार्यकारी समिति सम्बन्धी विषय,
(३) नेपाल स्काउटका आयुक्त पदाधिकारी तथा कर्मचारीको नियुक्ति, मनोनयन, योग्यता र वर्खास्ती सम्बन्धी विषय,
(४) नेपाल स्काउटको कोष, लेखा तथा परीक्षण सम्बन्धी व्यवस्था,
(५) वार्षिक प्रतिवेदन, अधिकार प्रत्यायोजन, नेपाल स्काउटको खारेजी, कार्य समिति विघटन, अनुशासन आयोग, वैदेशिक सहयोग र सहायता सम्बन्धी विषय,
(६) नेपाल स्काउटको सम्पत्ति हस्तान्तरण तथा व्यवस्थापन सम्बन्धी विषय,
(७) नेपाल स्काउटको निर्वाचन सम्बन्धी व्यवस्था,
(८) नेपाल स्काउटका पदाधिकारी र सदस्यलगायत प्रमुख आयुक्त, आयुक्त, प्रमुख कार्यकारी अधिकृत/ सचिव र कर्मचारीहरूको कारवाही/वर्खास्ती सम्बन्धी विषय,
(९) नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयका प्रमुख कार्यकारीको नियुक्ति, योग्यता, वर्खास्ती, कार्यसम्पादन मूल्यांकन र कारवाही सम्बन्धी विषय।